इमेलः-tahasil.dclamjung@supremecourt.gov.np
फोन नं.०६६-५२०१९५

# लमजुङ जिल्ला अदालत
## बेसीशहर,लमजुङ

पत्रसंख्याः- ०८१।०८२ विगो नं.७५/११ मितिः- २०८१।४।२३
च.न. १६४

विषयः- सूचना टाँस गरी जानकारी पठाइदिने सम्बन्धमा ।

श्री मालपोत कार्यालय,
बेसिशहर, लमजुङ।

उपर्युक्त सम्बन्धमा दरखास्तवाला/वादी चन्द्रकला सेढाई र विपक्षी/प्रतिवादी कल्पना दमै भएको फैसला बमोजिमको विगो भराइ पाउँ भन्ने दरखास्तमा यस अदालतबाट प्रकाशित जग्गा लिलाम सम्वन्धी सूचना जारी गरी यसै पत्रसाथ पठाइएको छ।पत्र प्राप्त भएपछि त्यस कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी यस अदालतमा पठाइदिनुहुन अनुरोध छ।

.....................
तहसिलदार(शा.अ.)

कोष तथा लेखा नियन्त्रक कार्यालय, बेसिशहर, लमजुङः- एक प्रति सूचना यसै साथ छ। त्यस कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी पठाइदिनुहुन र साथै लिलाम हुने दिन मिति २०८१।५।२०(भदौ विस) गते ताहाँ कार्यालयबाट दर्जा पुगेको एकजना प्रतिनिधी खटाइ पठाइदिनुहुन।

श्री जिल्ला प्रशासन कार्यालय, लमजुङ, बेसिशहरः- एक प्रति सूचना यसै साथ छ।त्यस कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी पठाइदिनुहुन।

श्री बेसिशहर न.पा.को कार्यालय, बेसिशहर, लमजुङः- एक प्रति सूचना यसै साथ छ। त्यस कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी पठाइदिनुहुन र साथै लिलाम हुने दिन मिति २०८१।५।२०(भदौ विस) गते ताहाँ कार्यालयबाट दर्जा पुगेको एकजना प्रतिनिधी खटाइ पठाईदिनुहुन।

श्री सुन्दरबजार नगरपालिकाको कार्यालय,सुन्दरबजार,लमजुङः- एक प्रति सूचना यसै साथ छ। त्यस कार्यालयको सूचना पाटीमा टाँस गरी सोको जानकारी पठाइदिनुहुन।

१

लमजुङ जिल्ला अदालत

लिलाम बढाबढको सूचना

दरखास्तवाला/वादी चन्द्रकला सेढाई र प्रतिवादी कल्पना दमै भएको लेनदेनन मुद्दा(मु.न.०७९-CP-०२६६)मा वादी चन्द्रकला सेढाईले प्रतिवादी कल्पना दमैबाट फिराद दावीको कपाली तमसुक बमोजिमको साँवा रु.६,००,०००/-(छ लाख रुपैयाँ) र उक्त साँवा रकमको कपाली तमसुक भएको मिति २०६९।११।२० देखी भरिभराउ हुँदाका मितिसम्मको सयकडा दश प्रतिशतका दरले हुने व्याज सहितको साँवा व्याज रकम भराई पाउँने साथै वादीले फिराद दायर गर्दा राखेको अदालती शुल्क रु.२१,९८८/- र नपुग अदालती शुल्क समेत भराई लिन पाउँने ठहरी यस अदालतबाट मिति २०८०।५।१९ गते भएको फैसला बमोजिमको विगो भराई पाउँ भनी वादी चन्द्रकला सेढाईको यस अदालतमा दरखास्त परी फैसला कार्यान्वयनको सिलसिलामा फैसला बमोजिमको रकम प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिला गर्न समेत नल्याएको हुँदा वादीले फैसला अनुसारको रकम प्रतिवादीबाट भरि पाउने विगो प्रतिवादी कल्पना दमै र निजको पति राज कुमार दमैको नाउँमा दर्ताश्रेस्ता कायम रहेको सम्पत्तीबाट भराई पाउँ भनी वादीको निवेदन परी कारबाही भई प्रतिवादी प्रतिवादी कल्पना दमै र निजको पति राज कुमार दमैका नाउँमा दर्ताश्रेस्ता कायम रहेको तपसिलको सम्पत्ती मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २४२ नं. तथा मुलुकी देवानी कार्यविधि नियमावली,२०७५ को दफा ५७ बमोजिम पहिलो पटक मिति २०८१।५।२० गतेको लागि लिलामको सूचना जारी गरिएको छ, उक्त दिनको १०:०० वजे देखि देहाय बमोजिमको शर्त र नियमका आधारमा डाक लिलामी हुने भएकोले डाक बढाबढ गरी डाक लिलाम सकार गर्न चाहने सर्वसाधारण सवैको निमित्त यो सूचना प्रकाशित गरिएको व्यहोरा सूचित गरिन्छ।

तपसिलः-

१.यस अदालतको तहसिल शाखामा मिति २०८१।५।२० गते दिनको १०.०० बजेदेखि ५.०० बजेसम्म डाँक लिलाम हुने भएकाले उक्त डाँक लिलाममा उपस्थित भई बोलकबोल गर्न सकिने छ।

२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।

३. कायम भएको न्यूनतम पञ्चकृती मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ।

४. डाँक लिलामको बखत बोलकबोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिला गर्नुपर्नेछ। वाँकी बोलकबोल रकम डाँक लिलाम भएको मितिले ७ दिनभित्र दाखिला गर्नुपर्नेछ। त्यसरी ७ दिनभित्र वाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशन गरिनेछ।

५. डाँक लिलाम बढाबढ हुँदा सबै भन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराईनेछ।

६. डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नुहोला।

७. डाँक लिलाम हुने सम्पत्तीको विवरणः-

| सि.नं | गा.वि.स | वडा नं. | कि.नं | क्षे.फ. | किसिम | डाँक बोल्नुपर्ने न्यूनतम अंक(प्रति रोपनी) | कै |
|---|---|---|---|---|---|---|---|
| १. | परेवाडाँडा | ५ | ११८७ | ३-०-०-० | सिम खेत | रु.६०,०००/-(साठी हजार रुपैयाँ) | |
| २. | परेवाडाँडा | ५ | ११८७ | २-१२-३-० | सिम बारी | रु.४,००,०००/-(चार लाख रुपैयाँ) | |

............................

तहसिलदार(शा.अ.)

तहसिलदार (शा.अ.)